
November 2013

# TODAY

(Newsletter of EURASIA REIYUKAI)

वर्ष-१ अंक-५



महागुरु काकुतारो कुबोज्यूको ७०औं पुण्यतिथि स्मरण समारोह १८ नोभेम्बर २०१३ का दिन मिहाता शाखा र संस्कृती केन्द्रमा सदस्यहरु सँग-सँगै सहभागी हुने मौका पाएको प्रति कृतज्ञ भई कोशिश गरौं ।

## यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूले २१औं शाखा, भारत, पत्थरझोडा क्षेत्रमा २७ अक्टोबर २०१३ का दिन प्रदान गर्नुभएको मार्गनिर्देशनको केहि अंश :



यहाँहरु सम्पूर्णमा नमस्कार !

रेयूकाई शिक्षासँग कर्मको सम्बन्ध भएर यसरी यहाँहरु सँग-सँगै रेयूकाई शिक्षालाई कार्यान्वयन गरी रहेको यस स्थानमा आएर अभ्यास गर्ने मौका पाएँ । यस मौकाप्रति एकदमै न्यानो आभार व्यक्त गर्दछु । ३९ वर्ष अगाडि भारतको नयाँ दिल्लीमा कर्मको सम्बन्ध रहेर मैले कार्यान्वयन गरिरहेको रेयूकाईको शिक्षालाई भारत देशमा प्रवाह गरेर विश्वभरीको आत्मालाई परिवर्तन गर्दै लाने नेतृत्व लिन सक्ने देश बनाउन चाहन्छु भन्ने सोचेर मैले पनि अभ्यासलाई अपूर्ण हुँदाहुँदै पनि सदस्य बनाउने छु भनि सदस्य बनाउनको लागि आउने मौका पाएको थिएँ । त्यो बेलामा म युवा थिएँ र स्फूर्ति पनि थियो । अहिले ८१ वर्षको बुढो मान्छे भईसकेको छु । तर आत्मा ३९ वर्षको छ ।

रेयूकाईको शिक्षा भनेको धर्म होईन । यहाँहरुको आफ्नै धर्म छ होला । त्यो तपाईंहरुको आफ्नो कुरा हो । तपाईंहरुको आमा-बुबाबाट पाउनु भएको त्यो धर्मलाई तपाईहरुले त्यसरी नै पालना गर्नुहोस् । हामी मानिसको रुपमा जन्मेर आएका छौं । मानिसको रुपमा नै हामीले कार्य गर्नुपर्छ । कुकुर, गाई जस्ता जनावरहरु खानको लागि जन्मेका हुन् । विहानदेखि बेलुकासम्म खाने मात्र गर्छन् । खाना दिए पनि धन्यवाद भन्दैन, अझ फेरी पाए हुन्थ्यो भन्ने किसिमको हुन्छ । तर मानिस त्यस्तो होईन । त्यसैले रेयूकाईमा आफू किन मनुष्यको रुपमा जन्मेर आएको हो, यसको श्रोत थाहा पाउनु जरुरी छ । यो श्रोतलाई थाहा पाएर कार्यान्वयन गर्ने यो नै रेयूकाईको शिक्षा हो । यो रेयूकाईको शिक्षालाई महागुरु काकुतारो कुबोज्यूले प्रतिपादन गर्नुभएको थियो । यहाँहरु सबैले सूत्रपाठ गरिरहनु भएको छ कि छैन त्यो मलाई थाहा भएन । जसले पाठ गर्नुभएको छ त्यसमा एकदेखि पाँचसम्म प्रायश्चितको अभ्यास लेखिएको छ । रेयूकाईको शिक्षाको आधार भनेको कृतज्ञता हो । यसलाई खाली मुखले मात्रै धन्यवाद भन्ने नभईकन मनभित्र सँधै त्यो भावना हुनुपर्छ । मानिस एक्लै बाँच्न सक्दैन । सबै कुराहरु भएर आफू बाँच्ने हुन्छ । हावा पनि त्यहि हो । आँखाले देख्न पनि सकिदैन यदि हावा नभएको भए हामी बाँच्न पनि सक्दैनौं । पाँचौं प्रायश्चितको कुरा गम्भीर हेतुफलको सिद्धान्तमा विश्वास गर्नु भनेको छ । यो आँखाले नदेखिने धागोसँग हामी जोडिएका छौं ।

आज तपाईहरु कति घण्टा लाग्ने ठाउँबाट हिंडेर आउनु भयो । तपाईहरुले यहाँबाट केही न केही कुरा सिकेर आफ्नो ठाउँमा गएर आफूलाई परिवर्तन गर्नुपर्छ । पुर्खाबाट राम्रो कुरा र नराम्रो कुरा दुवै हाम्रो शरीरमा आएको छ । साधारणतया आफू एक पुस्ता नाघेर मिल्ने हुन्छ भनिन्छ । जस्तै आफू बुबासँग नमिले पनि बाजेसँग मिल्ने हुन्छ र आफ्नो बच्चाभन्दा आफ्नो नाति आफूसँग मिल्ने हुन्छ । राम्रो कुरा, नराम्रो कुरा दुबै हामी भित्र छ । त्यो आँखाले देखिदैन । तर भित्र हुन्छ यसलाई कर्मको सम्बन्ध भनिन्छ । राम्रो पनि छ, नराम्रो पनि छ । जस्तै बिजुली आँखाले देखिदैन । लाईट बलेपछि बिजुली आयो भन्ने थाहा हुन्छ । निभेपछि त्यसमा बिजुली आएको छैन भन्ने थाहा हुन्छ । त्यस्तै गरेर तपाईंहरुको आत्मा आफैंले देख्न सक्दैन । आँखाले नदेखे पनि आत्मा परिचालित भयो भने मुहारमा देखिन्छ, बिजुली जस्तै । नराम्रो शब्द प्रयोग गऱ्यो भने आत्माले विरोध गर्छ र अनुहारमा त्यस्तै किसिमको स्वरुप आउँछ ।

रेयूकाई शिक्षा कर्म शुद्धिकरणको शिक्षा हो । आत्माको विकाश गर्ने शिक्षा हो । अघि भर्खरै कसैले यहाँ मनको विकास भन्नु भएको थियो । आफूले आफ्नो प्रतिभालाई परिवर्तन गर्दै लाने, नराम्रोतिर परिवर्तन गर्ने नभईकन राम्रोतिर परिवर्तन गर्दै लाने । मन भनेको परिचालित हुन्छ । जापानमा महिलाको मनलाई शरद महिनाको आकाश भनेर भनिन्छ । किनभने शरद महिना छिन-छिनमा बदलिन्छ । महिलाहरुको मन पनि बदलिन सजिलो हुन्छ भनिन्छ । भारतमा त्यस्तो भन्ने चलन छैन होला । त्यसरी नै यो मनको कृयाशीलता भनेको शब्दबाट निस्किन्छ अनि व्यवहारमा देखिन्छ । यसलाई परिवर्तन गर्नुपर्छ । मन सबैको हुन्छ । त्यसको विचमा आत्मा हुन्छ । आत्मालाई परिवर्तन नगरेसम्म मन पनि परिवर्तन हुँदैन ।

यहाँ यूराशिया रेयूकाईको लोगो छ । आजदेखि र अहिलेदेखि तपाईहरु यो लोगो बनिनु पर्छ । लोगोको विषयमा जो सेतो भाग छ, त्यसको बिचमा रातो सर्कल छ, त्यो मैले आत्माको विकास गरिहेको छु भनेको हो । अनि सेतो कमल छ त्यो तपाईहरु हो । कमल फोहोर पानीमा फुल्दछ । सफा पानीमा फुल्दैन । फोहोर पानीबाट कमल फुल्दछ अहिलेको हाम्रो संसार फोहोर पानी जस्तो छ । यो खराब संसारबाट तपाईहरु यो सेतो कमल जस्तै फुलेर अरुलाई आशा दिने उत्साह दिने व्यक्ति तपाईंहरु हो । तपाईहरुले यो लोगोलाई त्यसरी लिनुहोला । कमलको एउटा पत्र तल झरेको छ । तपाईहरु एक-एक जनाले आत्माको विकासलाई परिवर्तन गर्दै अरु मानिसहरुलाई पनि परिवर्तन गर्दै लाने र सुखी संसार बनाऔं, आउनुहोस् भनेर हात दिएको स्वरुप हो र बाहिरतिर भएको यूराशिया रेयूकाई हो ।



सामूहिक फोटो

## खुशीको अनुभव



*नाम : श्रीमती उन्नती खाती*
*उपाधि : जुन-होजाशु*
*मिहाता शाखा : यूराशिया रेयूकाई १७औं शाखा*
*क्षेत्र : सिद्धार्थनगर*

सबैलाई नमस्कार,

मेरो नाम उन्नती खाती हो। मलाई रेयूकाई संस्थामा प्रवेश गराउने मेरो ओया शिबुचो सुश्री रुपमा हिराचन हुनुहुन्छ। म आज भन्दा २१ वर्ष अगाडी यस संस्थामा प्रवेश गर्ने मौका पाएकी थिँए। त्यो बेला रेयूकाईको आफ्नो भवन थिएन्। म २१ वर्ष अगाडी प्रवेश भएपनि भैरहवा बाट टाढा हुन पुगे तर विगत २ वर्ष देखी निरन्तर रुपमा रेयूकाई शिक्षामा अभ्यास गर्ने मौका पाईरहेकी छु। रेयूकाईको पुर्खास्मरण गर्ने कार्य मलाई सारै मन पर्छ। आफनो अग्रजहरुको स्वर्गवास भएपछि पितृलाई मान्नु वा सम्झनु पर्छ भन्ने कुरामा म पूर्ण रुपमा सहमत छु। मेरो आमा स्वंगवास भएको हुनाले मेरो घरमा सोकाईम्यो र आमाको होम्यो दुवै विराजमान गराई आमालाई दैनिक सम्झने, सूत्रपाठ चढाउने मौका पाईरहेकी छु। मैले ३४ जना सदस्यहरुको घरमा सोकाईम्यो विराजमान गराउने मौका पाएको छु । रेयूकाई शिक्षा सम्बन्धी आफुले जानेको कुराहरु बताएर धैरेभन्दा धेरै मिचिविकी गरी दुई हात जोडेर पुर्खाहरुलाई स्मरण गर्ने, सदस्य बनाउने मौका पाइरहेकी छु। मैले यस पवित्र संस्थालाई आफनो माइती घरको रुपमा लिएको छु। पुर्खाहरुलाई स्मरण गरेमा भगवान पनि खुशी हुन्छन भन्ने कुरा मलाई पूर्ण विश्वास छ। पुर्खाको आशिर्वादले गर्दा कति वर्षसम्म भेटघाट नभएका मेरा आफन्तसँग पनि भेट भएको छ। आध्यात्मिक संसारमा ठूलो शक्ति भएको कारण पुर्खाहरुबाट आशिर्वाद एवं संरक्षण प्राप्त भईरहेको महशुस गर्ने मौका पाएकी छु। प्रत्येक महिना ९, १८ तारिखको मासिक भेलामा सदस्यहरु सँग-सँगै जाने गरेको छु। १७ औं शाखाको मुख्यहलमा हुने विभिन्न कार्यक्रमहरुमा पनि सदस्यहरुलाई सहभागी गराउने मौका पाईरहेकी छु र उनीहरु पनि यहाँ अग्रजहरु बाट सुनेको रेयूकाई शिक्षाको कुराहरुले धैरै नै प्रभावित हुनु भएको छ । मेरो जीवनमा पुर्खाको आर्शिवादले खान लगाउन र अरु कुनै दुःख पाएकी छैन। रेयूकाई शिक्षासँग भेट हुनुभन्दा अगाडि मनमा अशान्ति भएर भौतारिएर हिँडेको स्थिति थियो तर मेरो ओयासँग भेट भई मिचिविकी भई विभिन्न भेलाहरुमा भाग लिँदै गएँ। सूत्रपाठ र कामनाको बलले साँच्चै नै आज मलाई शान्ति मिलेको छ, आत्मबल बढेको छ र अहिले म परिवर्तन भई आध्यात्मिक संसारमा विश्वास गर्ने व्यक्ति बन्न सकेको छु। हिंड मिलियनलाई कार्यान्वयन गरी आफ्नो सदस्यहरुलाई पनि कार्यान्वयन गराई अभ्यास गर्ने मौका पाइरहेकी छु। मेरो राम्रो कर्मको सम्बन्धले गर्दा २४ अगष्ट २०१३ को गोहोम्यो आत्मग्रहण समारोहमा सहभागी भई अहिले १०० दिनको अभ्यास गर्ने महान मौका पाई रहेकीछु। १०० दिनको अभ्यासलाई १०० दिनमा नै पूरा गर्ने प्रतिज्ञा गर्दै "यूराशिया रेयूकाई मेरो गौरव" भन्ने भावना बोकेर अभ्यास गरी परिणाम देखा पार्ने प्रतिज्ञा गर्दछु। ***धन्यवाद ।***

## यूराशिया रेयूकाईको
## सरसफाई सम्बन्धी जानकारी एवं अपिल

दिनानु दिन बिग्रँदै गईरहेको वातावरणलाई मध्यनजर गरी यूराशिया रेयूकाईले नियमित रुपमा वातावरण संरक्षण एवं प्रदूषण कम गर्नका लागि विभिन्न कृयाकलाप गर्दै आईरहेको छ। नेपाल, भारत, म्यानमार र बंगलादेशमा रहेका रेयूकाईको आफ्नो कार्यालय एवं लिडर्स, सदस्यहरुको सकृयतामा गोष्ठी सेमिनार साथै सचेतनामूलक कार्यक्रमहरु एवं पम्प्लेट, पोष्टर प्रकाशन, वितरण गर्नुका साथै डकुमेण्ट्री प्रदर्शन एवं ऱ्यालीहरुको आयोजना गर्दै आईरहेको छ। यस अंकमा सबैको जानकारीको लागि व्यक्तिगत एवं वातावरण सरसफाई सम्बन्धी यूराशिया रेयूकाईको अपिल प्रस्तुत गरिएको छ। सबैले व्यवहारिक रुपमा लागू गरी आफू बसेको घर, गाउँ, शहर देशलाई सफा राखी भावी सन्ततीलाई उज्ज्वल भविष्य हस्तान्तरण गरौं।

### व्यक्तिगत सरसफाई:

व्यक्तिगत सरसफाई भनेको शरिरको सम्पूर्ण अंगहरुको सरसफाई गर्नु हो। मानिस स्वस्थ रहन व्यक्तिगत सरसफाईमा ध्यान दिनु नै मुख्य कुरा हो। आफू बसेको घर वरिपरिको वातावरण सफा राखी आफूलाई निरोगी एवं आफ्नो स्वास्थस्तर बढाउन व्यक्तिगत सरसफाईमा विशेष ध्यान दिनु पर्छ। यसो गरेमा आफ्नो शरीरलाई विभिन्न रोगहरु लाग्नबाट सुरक्षित राख्न सक्छौं। व्यक्तिगत सरसफाई अन्तर्गत निम्न कुराहरुमा विशेष ध्यान दिऔं।

१) कपाल, आँखा, दाँत, नङ, हात-गोडा, र शरीर नियमित रुपमा सरसफाई गरौं। २) कपडाको सरसफाई गरी सुकिलो कपडा प्रयोग गरौं। ३) स्वस्थ खानेकुरा र स्वच्छ पानी पिउने गरौं। ४) घर, कोठा एवं आफ्नो वरिपरिको वातावरण सँधै सफा राखौं। ५) सँधै चर्पीको प्रयोग गर्ने गरौं।

### सरसफाई सम्बन्धी अपिल:

***"सफा–स्वच्छ घर, गाउँ, शहर यूराशिया रेयूकाईको रहर"***

१) आफू जन्मेको देशप्रति, आफू बसेको समाजप्रति कृतज्ञ भई वातावरण स्वच्छ राख्न सरसफाईप्रति सचेत बनौं।
२) आजको आफू बनेर आजैबाट आफैं अग्रसर भई आफ्नो घर-आँगनबाट सरसफाई शुरु गरौं।
३) अरुले सफाई गरिदिन्छ भनि पर्खने नभई सरसफाईको शुरुवात आफैंबाट गरौं।
४) युवाहरुबाट अझ अरुलाई उत्साह हुने गरी सकृय रुपमा समर्पित भई सरसफाई गरौं।
५) जथाभावी फोहोर नफालौं। सडेर जाने फोहोर जम्मा गरी मल बनाई प्रयोग गरौं। सडेर नजाने फोहोरलाई छुट्टै जम्मा गरी रि-साईकल गरी पुनः प्रयोग गरौं।
६) वातावरण र सरसफाई सम्बन्धी कार्यक्रम प्रत्येक टोल, वडा, आफू बसेको क्षेत्र, कार्यालय, विद्यालयहरुमा आयोजना गर्न सहयोग गरौं।
७) प्लाष्टिकजन्य झोलाहरुको प्रयोग नगरौं।

## विभिन्न समयमा सम्पन्न कृयाकलापहरुको फोटो झलक



यात्रु प्रतिक्षालय, कठौना



बालबालिका भेला, नारायणगढ



फेब्रिक पेन्टिङ्ग तालिम, नेपालगञ्ज



गुडिया बनाउने तालिम, बुटवल



उद्घोषण तालिम समापन, धोबिधारा



महिला भेला, विर्तामोड



सिलाई कटाई तालिम, बर्दघाट



उद्घोषण तालिम, लक्ष्मीपुर